# आ.व.२०८०/८१ को वार्षिक समिक्षा

स्थानिय तहले संघिय सरकार प्रदेश सरकारबाट राजश्व बाँडफाँड वित्तिय समानिकरण, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त गर्दछ । राजश्व संकलनमा मुख्यतया कर राजश्व र गैरकर राजश्व पर्दछन । कर संकलन गर्दा स्थानिय तहले सबै प्रकारको कर लिन सक्दैन । नेपालको संविधानको अनुसुचि ८ मा उल्लेखित एकल अधिकारको विषयमा मात्र स्थानिय तहले कानुन बनाई कर संकलनको अधिकार रहेको छ । अधिकार क्षेत्र भित्र स्रोतको पहिचान गरि प्रगितिशिल करको सिदान्त अनुसार राजश्वको असुली गर्ने काममा केहि कठिनाई भएता पनि कर संकलन कार्यलाई चुस्तदुरुस्त गरि आत्मानिर्भर नगरपालिकाको निर्माण गर्नु जरुरी छ । करको आधारविन्दु स्थानिय तह भएकोले कर संकलनमा उपलब्धि भन्दा पनि नजिकको सरकारले करको विषयमा सुसूचित गर्ने र आम नागरिकलाई कर तिर्ने बानी बसाल्नु नै अहिलेको उपलब्धिको रुपमा हुने देखिन्छ ।

आ.व.२०७९/८० मा संकलन भएको राजश्व

| सि.नं. | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम (रु.) |
|---|---|---|---|
| 1 | 11313 | सम्पत्ति कर | 1683506 |
| 2 | 11314 | भुमिकर/मालपोत | 15447.5 |
| 3 | 11321 | घरवहाल कर | 1230478.65 |
| 4 | 11472 | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | 29200 |
| 5 | 11613 | व्यवसाय रजिष्ट्रेशन दस्तुर | 835707 |
| 6 | 11691 | अन्य कर | 300 |
| 7 | 14151 | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | 3422559 |
| 8 | 14177 | घरजग्गा रजिष्ट्रेशन | 480228 |
| 9 | 14178 | सवारी साधन कर | 1100 |
| 10 | 14221 | न्यायिक दस्तुर | 200 |
| 11 | 14224 | परीक्षा शुल्क | 19600 |
| 12 | 14242 | नक्सापास दस्तुर | 127457.57 |
| 13 | 14243 | सिफारिश दस्तुर | 1031810.41 |
| 14 | 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | 641440 |
| 15 | 14249 | अन्य दस्तुर | 1617303.87 |
| 16 | 14529 | अन्य राजस्व | 339453 |
| मिति 2079/04/01 देखि 2080/03/31 सम्म सम्मको जम्मा रु | | | 11475791 |
| मिति 2079/04/01 देखि 2080/03/31 सम्म सम्मको अ.ल्या जम्मा रु. | | | 0.00 |
| जम्मा : | | | 11475791 |

आ.व.२०८०।८१ मा रु.१,२३,४५,०००। अनुमान गरिएको थियो र उक्त आर्थिक वर्षमा राजश्व संकलन रु ७९,९०,७७१। बैक खातामा दाखिला भएको छ ।

| क्र.स. | राजश्वका क्षेत्रहरु | आ.ब.२०८०।८१ को यथार्थ रकम |
|---|---|---|
| १ | सम्पती कर | १३,१८,४७४। |
| २ | घरबहाल कर | १३,००,५००। |
| ३ | व्यवसाय कर | ७,३७,०००। |
| ४ | सरकारी सम्पती बहालबाट प्राप्त आय | ५,१६,९००। |
| ५ | नक्सापास दस्तुर | ५०,०००। |
| ६ | सिफारिस दस्तुर | १४,३५,०५०। |
| ७ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६,५१,५५०। |
| ८ | नाता प्रमाणित दस्तुर | ६,०००। |
| ९ | अन्य दस्तुर | १५,४२,६३७। |
| १० | विज्ञापन कर | ३०,०००। |
| ११ | परिक्षा शुल्क | ४५,०००। |
| १२ | राजश्व बाडफाडबाट | ३,५७,६६०। |
| जम्मा | | ७९,९०,७७१। |

आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ बिच राजश्व संकलन जम्मा फरक रु.३४,८५,०२०। रहेको छ ।

**<u>स्काभेटर तथा डोजरबाट संकलन हुन बाकी रकम</u>**

| क्र.स. | स्काभेटर | डोजर | कैफियत |
|---|---|---|---|
| १ | 12,59,800। | 36,000। | |
| जम्मा | 12,95,800। | | |

## कृषि संकलन केन्द्र हाटबजारबाट संकलन हुन बाकी रकम

| क्र.स. | रकम | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ३,४९,०००। | |

<u>व्यापार व्यबसाय दर्ता तथा नविकरण</u>

| क्र.स. | पुरानो दर्ता | नया दर्ता | नविकरण भएको | नविकरण नभएको | खारेज भएको |
|---|---|---|---|---|---|
| १ | ४३७ वटा | ४६ वटा | ३६५ वटा | ७२ वटा | ५ वटा |
| जम्मा | ४८३ वटा | | | | |

## चुनौति

१.करको दायरा बढाउन

२.संकलन भएको राजश्वको न्यायिक तरिकाले पुन वितरण गर्न

३.करदाताहरुमा स्वयम् कर तिर्न करदाता शिक्षा प्रदान गर्न

४.कर प्रसाशनलाई सक्षम बनाउन

५.कर तिर्ने बानिको विकास गर्न

## अबसर

१.देश संघिय राज्यमा प्रबेश गरि तिन तहका सरकारबाट राज्यशक्तिको प्रयोग गर्ने तिनै तहका सरकारलाई नेपालको संविधानले एकल अधिकार र साझा अधिकारका सूचि प्रदान गरेको

## समस्या

१.कर चुहावट रोक्न नसक्नु

२.कर प्रशासनको व्यबस्थापन तथा दक्षाता कायम गर्न नसक्नु

३.करदाता शिक्षा प्रदान गर्न नसक्नु

४.भौगोलिक दुरतामा रहेका क्षेत्रमा कर संकलन कार्यलाई बढवा दिन घुम्ति शिविर जस्ता क्रियाकलाप गर्न नसक्नु

५.घरबहाल करलाई व्यबस्थित गर्न नसक्नु

**क्रियाकलाप**

यहि आर्थिक वर्षमा मंगलसेन नगरपालिका राजश्व शाखा तथा सामाजिक सुरक्षा शाखाले मिति २०८०।०४।०५ गते देखि २०८०।०४।२४ गते सम्म सन्चालन गरेको घुम्ति सेवा नगरपालिकाका १ देखि १४ सम्मका वडाँमा सन्चालन गरियो उक्त घुम्ति सेवामा १२३७ घरधुरीले सम्पत्तिकर संकलनको सेवा प्राप्त गरेका साथै २० जनाले व्यबसाय दर्ता तथा नविकरणको सेवा प्राप्त गरेका थिए । उक्त सेवाबाट जम्मा रु.३,२५,६५१। रकम राजशव संकलन भएको थियो ।